# जलवायु परिवर्तनबारे प्रमाणीकरण कार्यक्रम

## हाइअवेर कार्यक्रम

ICIMOD

FOR MOUNTAINS AND PEOPLE

HI-AWARE
Himalayan Adaptation, Water and Resilience Research

PRACTICAL ACTION
Technology challenging poverty



## पृष्ठभूमि

हाइअवेर इसिमोडको क्षेत्रीय कार्यक्रम हो । यसको उद्देश्य यहाँका नदी बहाव क्षेत्रमा बसोबास गर्ने तथा जोखिममा रहेका महिला, पुरुष तथा बालबालिकाको वातावरणसँग जुझारुपन तथा अनुकूलन क्षमता वृद्धि गर्नु हो । यसै सन्दर्भमा हाइअवेरले अनुसन्धान तथा प्रारम्भिक अध्ययनबाट प्राप्त ज्ञानलाई उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउन नीति तथा अभ्यासमाथि प्रयोग गर्नेछ । हाइअवेरले तीन कार्यनीतिहरू प्रयोग गर्दैछ: ज्ञान सिर्जना, अध्ययनबाट अभ्यासमा परिवर्तन, तथा विशेषज्ञतालाई सबलीकरण । हाल सिन्धु, माथिल्लो गण्डकी, गण्डकी र टिस्टा नदीका बहाव क्षेत्रका १२ स्थानमा यो कार्यान्वयन हुँदैछ । गण्डकी बहाव क्षेत्रको चितवनका विभिन्न सरोकारवालाहरूसँग इसिमोडले सन् २०१६, फेब्रुअरी महिनामा छलफल गर्दा स्थानीय तहमा विविध कार्यक्रममा संलग्न व्यवसायीहरूका लागि जलवायु परिवर्तनबारे प्रमाणिकरण कार्यक्रम ल्याउनु पर्ने आवश्यकता देखियो ।

यहि आवश्यकतालाई मनन् गर्दै चितवन जिल्लाका स्थानीय सरोकारवालाहरूका लागि चितवन जिल्ला विकास समिति, प्राक्टिकल एक्शन तथा कृषि तथा वन विश्वविद्यालय रामपुरसँग सहकार्यमा इसिमोडले जलवायु परिवर्तनबारे प्रमाणीकरण कार्यक्रम आयोजना गर्दैछ । “स्थानीय सरोकारवालाहरूको लागि हाइअवेर जलवायु परिवर्तन प्रमाणीकरण कार्यक्रम” चितवन जिल्ला विकास समितिको प्रत्यक्ष सहयोगमा आयोजना हुँदैछ ।

## कार्यक्रम निर्माण

यो कार्यक्रम चितवनमा आयोजना गरिनेछ जुन चार देखि पाँच महिनासम्म सँचालन हुनेछ । यो कार्यक्रम चार वटा मोडुलमा प्रस्तुत गरिनेछ । प्रत्येक मोडुलहरु जलवायु परिवर्तन सम्बन्धी विभिन्न विषयमा आधारित हुनेछन् । यो कार्यक्रम फब्रुअरी २०१७ देखि सँचालन हुनेछ ।

## शिक्षण शैली

अध्यापनको शैली सहभागीद्वारा अन्तर्क्रियात्मक अभ्यास तथा विद्यार्थीकेन्द्रित प्रणालीमा आधारित छ । यस अध्यापन शैलीमा सम्पूर्ण सहभागीद्वारा सक्रीय सहभागिता अनिवार्य हुन्छ । तालिममा कक्षाका साथै विशेषज्ञहरूद्वारा शिक्षा तथा यथार्थपरक अभ्यासहरू हुनेछन् । प्रत्येक महिना विशेष विषयमा केन्द्रित दुइ दिन लामो प्रत्यक्ष प्रशिक्षण कार्यक्रम पनि सम्मिलित हुनेछन् । प्रत्येक ६ महिने प्रशिक्षण कार्यक्रममा सहभागीहरूले काम गर्न केस स्टडीहरू सामेल हुनेछन् । साथै, प्रशिक्षण समयको अन्त्यमा मूल्यांकन





अवधि पनि सामेल हुनेछ जसपश्चात् सफलतापूर्वक प्रशिक्षण समाप्त गर्ने सहभागीहरूलाई प्रमाण-पत्र वितरण गरिनेछ । हरेक ब्याचमा न्यूनतम ३० सहभागी आवश्यक हुनेछन् । प्रत्येक ब्याचमा न्यूनतम ५० प्रतिशत महिला सहभागिता वाञ्छनीय रहनेछ ।



## पाठ्य अंश

पाठ्यक्रमको पहिलो ६ महिनामा जीआइएस एप्लीकेशनमा विशेष जोड सहित ५ पाठ्य अंश हुनेछन् । निम्नानुसार का विषय क्षेत्रमा पठनपाठन गरिने योजना छ ।

### अंश १: जलवायु परिवर्तनसँग परिचय

जलवायु परिवर्तनका स्वरूप तथा आकृति (कालान्तरमा जलवायुसम्बन्धी औसत मानमा परिवर्तन, भिन्नता, तिब्रता र बारम्बरता, मौसमिकता, स्थानजन्य फेरबदल, आदि)

- विश्वव्यापी जलवायु परिवर्तन
- नेपालका हिमाल, पहाड र तराईमा जलवायु परिवर्तन
- चितवनमा जलवायु परिवर्तन
- जलवायु परिवर्तनका विभिन्न सम्भाव्य परिदृश्यहरू तथा अनिश्चिततालाई बुझ्ने तरिका

### अंश २: जलवायु परिवर्तन तथा त्यससँगै आउने जोखिमहरू

- पहिरो
- बाढी
- भू-क्षय
- खडेरी
- लू
- शीतलहर





## अंश ३: जलवायु परिवर्तनले जैविक-भौतिक तथा सामाजिक-आर्थिक क्षेत्रमा प्रभाव पार्छ

- जैविक प्रभाव: जंगल, वनडढेलो, कृषि, गाईवस्तु, आदि
- भौतिक प्रभाव: भू-स्रोत, जलस्रोत तथा अन्य प्राकृतिक स्रोतसाधन, मानवनिर्मित संरचनाहरू
- सामाजिक प्रभाव: लिंग, उमेर, अपांगताको हिसाबमा तथा गरिब आर्थिक समूहहरू र
- आप्रवासन जस्ता विभिन्न क्षेत्रमा विभिन्न प्रभाव

## अंश ४ (क): जलवायु परिवर्तनसँग अनुकूलन (जलवायु परिवर्तनसँग अनुकूलनबारे अवगत हुनु)

- स्वायत्त अनुकूलन
- सुनियोजित अनुकूलन
- अनुकूलन रणनीतिहरू
- जलवायु परिवर्तनबाट हुनसक्ने विपतसँग जुझ्न र अनुकूलन गर्नसक्ने क्षमता निर्माण
- जलवायु परिवर्तनसँग अनुकूलनमा लैंगिक तथा सामाजिक समावेशीता
- अनुकूलनतामार्फत् जुझारुपन निर्माण गर्ने क्रममा समुदाय र सरोकारवालाहरूको सहभागिता
- सरकार, नीति तथा जलवायु परिवर्तनसँग अनुकुलन (विश्वव्यापी प्रक्रियाहरूको सन्दर्भमा)

## अंश ४ (ख): चितवन / नुवाकोट / रसुवाकालागि अनुकुलन

- चितवन/नुवाकोट/रसुवाकालागि विभिन्न क्षेत्रमा अनुकुलन आवश्यकता
- चितवन/नुवाकोट/रसुवामा अनुकूलनका लागि कार्ययोजना
- वन, जल, कृषि र जमिन जस्ता स्रोतसाधनको व्यवस्थापनमा योजना निर्माण, अनुगमन तथा मूल्यांकनका निम्ति भौगोलिक सूचना प्रणाली (जीआइएस) को प्रयोग
- अनुकूलन योजना हस्तान्तरण
- चितवन/नुवाकोट/रसुवाकामा अनुकूलनको अनुगमन, पुनरावलोकन, मूल्यांकन तथा नयाँ सिकाइ

**सम्पर्क व्यक्तिका नामहरू:**

**डा. मन्दिरा सिंह श्रेष्ठ**
ईसिमोड
फोन नं ९७७ १ ५००३२२२ र ५००३२७७
ईमेल mandira.shrestha@icimod.org

**कृति श्रेष्ठ**
प्राक्टिकल एक्शन
फोन नं ९७७ १ ४४२३६३९ र ४४२३६४०
ईमेल krity.shrestha@practicalaction.org.np

*यो कार्यक्रम आईडिआरसिको सहयोगमा संचालित छ ।*

**International Centre for Integrated Mountain Development**
GPO Box 3226, Kathmandu, Nepal **Tel:** +977 1 5003222
**Email:** info@icimod.org **Web:** www.icimod.org